# फेदीखोला गाउँपालिका

## फेदीखोला, स्याङ्जा

### आर्थिक बर्ष २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम एवम् बजेट अधिवेशन

### गाउँसभा बैठक

गाउँसभा बैठक संख्याः- ०१ -२०८२/०८३

आज मिति २०८२ साल आषाढ १० गते मंगलवारका दिन यस फेदीखोला गाउँपालिकाका अध्यक्ष श्री घनश्याम सुबेदीज्यूको अध्यक्षतामा फेदीखोला गाउँपालिकाको आ.व. २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम एवम् बजेट अधिवेशनको बैठक बस्यो। आजको गाउँसभाका बैठकमा सदस्यहरुको उपस्थिती तपसिल बमोजिम रहेको छ। साथै सभामा भएका निर्णयहरु निम्नानुसार छन्।

**गाउँ सभा बैठकको उपस्थिति पञ्जिका**

| क्र. सं. | पद | अध्यक्ष र सदस्यहरुको नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री घनश्याम सुबेदी | | |
| २ | सदस्य | श्री देउ कुमारी गुरुङ | | |
| ३ | सदस्य | श्री अमृत क्षेत्री | | |
| ४ | सदस्य | श्री तुलसी सुबेदी | तुलसी | |
| ५ | सदस्य | श्री पदमा सुनार | | |
| ६ | सदस्य | श्री ख्याम बहादुर खड्का | | |
| ७ | सदस्य | श्री खिम बहादुर कुँवर | | |
| ८ | सदस्य | श्री अविलास गुरुङ | | |
| ९ | सदस्य | श्री कलावती बस्नेत | | |
| १० | सदस्य | श्री आशु वि.क. | | |
| ११ | सदस्य | श्री बिर बहादुर कार्की | | |
| १२ | सदस्य | श्री कृष्ण बहादुर रानाभाट | | |
| १३ | सदस्य | श्री राधिका पौडेल | राधिका | |
| १४ | सदस्य | श्री सुमिता मिजार | सुमिता | |
| १५ | सदस्य | श्री कुल बहादुर रानाभाट | | |

गाउँसभाको कार्यपालिका पाना नं १ (पृष्ठ) को १ (१५)

# फेदीखोला गाउँपालिका

## फेदीखोला, स्याङ्जा

आर्थिक वर्ष २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम एवम् बजेट अधिवेशन

## गाउँसभा बैठक

गाउँसभा बैठक संख्याः- ०१ -२०८२/०८३

| | | | | |
|---|---|---|---|---|
| १६ | सदस्य | श्री शिव प्रसाद लामिछाने | | |
| १७ | सदस्य | श्री श्याम नारायण पौडेल | | |
| १८ | सदस्य | श्री टेकमया गुरुङ | | |
| १९ | सदस्य | श्री सम्झना वि.क. सुनार | | |
| २० | सदस्य | श्री भरत बहादुर गुरुङ् | | |
| २१ | सदस्य | श्री हेमन्त राज पौडेल | | |
| २२ | सदस्य | श्री डिल बहादुर गुरुङ | | |
| २३ | सदस्य | श्री पार्बती कुमारी क्षेत्री | पार्वती | |
| २४ | सदस्य | श्री कौशिला परियार | | |
| २५ | सदस्य | श्री कमल बहादुर क्षेत्री | | |
| २६ | सदस्य | श्री थमान सिंह गुरुङ् | | |
| २७ | सदस्य | श्री काले सार्की | | |
| २८ | सदस्य | श्री सीमा वि.क. | सीमा | |
| २९ | सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत | श्री विष्णु प्रसाद पौडेल | | |

गाउँसभाको उपस्थिति पाना नं २ (दुई) को दुई (२)

फेदीखोला गाउँपालिका
फेदीखोला, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०८१/०८२
च.नं.:

मितिः- २०८२/०३/१०

गाउँसभा

आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम एवम् बजेट अधिवेशन

मिति २०८२ साल आषाढ १० गते मंगलवार

## कार्यसूची

१. आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम गाउँपालिका अध्यक्षज्यूबाट सभा समक्ष प्रस्तुत हुने ।

२. आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम गाउँपालिका अध्यक्षज्यूले प्रस्तुत गरेपछि सभाध्यक्षज्यूबाट उक्त प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम माथिको छलफलमा भाग लिन चाहनुहुने आदरणीय सदस्यहरुलाई सभाको कार्यबोझ अनुसार उपयुक्त समय दिनुहुने।

३. सभाध्यक्षज्यूको अनुमतिले आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम गाउँपालिका अध्यक्षज्यूबाट सभा समक्ष निर्णयार्थ प्रस्तुत हुने।

४. सभा अध्यक्षज्यूको अनुमतिले आगामी आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा राजस्व संकलनको व्यवस्थापन गर्न बनेको आर्थिक विधेयक, २०८२ गाउँपालिका उपाध्यक्षज्यूले प्रस्तुत गर्नुहुने।

५. आगामी आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा राज्श्व संकलनको व्यवस्थापन गर्न बनेको आर्थिक विधेयक, २०८२ माथिको छलफलमा भाग लिन चाहनुहुने सभाका सदस्यहरुलाई सभाध्यक्षज्यूले सभाको कार्यबोझ अनुसार उपयुक्त समय दिनुहुने।

६. आगामी आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा राजश्व संकलनको व्यवस्थापन गर्न बनेको आर्थिक विधेयक, २०८२ सभा अध्यक्षज्यूको अनुमतिले गाउँपालिका उपाध्यक्षज्यूले सभासमक्ष निर्णयार्थ प्रस्तुत गर्नुहुने।

७. सभाध्यक्षज्यूको अनुमतिले आगामी आर्थिक वर्ष २०८२/०८३ को सेवा कार्यहरूको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्नको लागि बनेको विनियोजन विधेयक, २०८२ (वार्षिक बजेट तथा कार्यक्रम) सभा समक्ष गाउँपालिका उपाध्यक्षज्यूले प्रस्तुत गर्नुहुने।

८. आगामी आर्थिक वर्ष २०८२/०८३ को सेवा कार्यहरूको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्नको लागि बनेको विनियोजन विधेयक, २०८२ (वार्षिक बजेट तथा कार्यक्रम) माथिको छलफलमा भाग लिन चाहनुहुने आदरणीय सदस्यहरुलाई सभाध्यक्षज्यूले सभाको कार्यबोझ अनुसार उपयुक्त समय दिनुहुने।

९. आगामी आर्थिक वर्ष २०८२/०८३ को सेवा कार्यहरूको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्नको लागि बनेको विनियोजन विधेयक, २०८२ (वार्षिक बजेट तथा कार्यक्रम) सभा अध्यक्षज्यूको अनुमतिले गाउँपालिका उपाध्यक्षज्यूले निर्णयार्थ प्रस्तुत गर्नुहुने।

विष्णु प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

पत्र संख्या: २०८१/०८२
च.नं.:

मितिः- २०८२/०३/१०

१०.चालु आ.व. २०८१/०८२ को २०८२ आषाढ ६ गतेसम्म न्यायिक समितिमा दर्ता भएका उजुरीहरु र फछ्र्यौट भएका उजुरीहरु सहितको काम कारवाहीको वार्षिक प्रतिवेदन, आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि न्यायिक समितिको बैठकले सूचीकृत गरेका मेलमिलापकर्ताहरूको सूची सभाध्यक्षज्यूको अनुमतिले गाउँपालिका उपाध्यक्ष तथा न्यायिक समिति संयोजकज्यूले सभा समक्ष जानकारी गराउनुहुने।

११. सभाध्यक्षज्यूको अनुमतिले फेदीखोला गाउँपालिकाको लेखा समितिका संयोजकज्यूले लेखा समितिको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुहुने ।

१२. सभामा प्रस्तुत भएको लेखा समितिको प्रतिवेदन माथि छलफल गर्न सभाको कार्यबोझ अनुसार सदस्यज्यूहरुलाई समय दिनुहुने र सभामा उठेका सवालको लेखा समितिका संयोजकज्यूले लेखा अधिकृतको सहयोग लिई जवाफ दिनुहुने र सभाध्यक्षज्यूको अनुमतिले निर्णयार्थ सभामा पेश गर्नुहुने ।

२०८२/०३/१०

आज्ञाले
विष्णु प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद पौडेल
गाउँसभाको सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत




Scanned with CamScanner

आजको गाउँसभाबाट भएका घोषणाहरु तथा गरिएका निर्णयहरु

११. गाउँसभाका अध्यक्षको अनुमतिले गाउँपालिका अध्यक्षबाट सभासमक्ष पेश भएको फेदीखोला गाउँपालिकाको आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रममा सभाको कार्यबोझ अनुसार सभाका सदस्यहरुलाई छलफलमा भाग लिन समय प्रदान गरिएको समयावधिमा गाउँसभा सदस्यहरुले कुनै जिज्ञासा नराखेकोले सभाध्यक्षको अनुमतिले सभाबाट आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम अनुमोदनका लागि निर्णयार्थ प्रस्तुत गरिँदा फेदीखोला गाउँपालिकाको आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

घनश्याम सुवेदी
अध्यक्ष

Scanned with CamScanner

**आजको गाउँसभाबाट भएका घोषणाहरु तथा गरिएका निर्णयहरु**

२१. गाउँसभाका अध्यक्षको अनुमतिले आगामी आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा राजस्व संकलनको लागि व्यवस्थापन गर्न बनेको **फेदीखोला गाउँपालिकाको आर्थिक विधेयक, २०८२** गाउँपालिकाका उपाध्यक्षले सभासमक्ष प्रस्तुत गरिसकेपछि सभाको कार्यबोझ अनुसार सभाका सदस्यहरुलाई छलफलमा भाग लिन समय प्रदान गरिएको समयावधिमा गाउँसभा सदस्यहरुले कुनै जिज्ञासा नराखेकोले गाउँपालिका उपाध्यक्षज्यूबाट सभासमक्ष पेश भएको **फेदीखोला गाउँपालिकाको आर्थिक विधेयक, २०८२** सभाबाट अनुमोदनका लागि निर्णयार्थ प्रस्तुत गर्दा **फेदीखोला गाउँपालिकाको आर्थिक विधेयक, २०८२** सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

घनश्याम सुवेदी
अध्यक्ष

Scanned with CamScanner

**आजको गाउँसभाबाट भएका घोषणाहरु तथा गरिएका निर्णयहरु**

३). गाउँसभाका अध्यक्षको अनुमतिले आगामी आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरूको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्नको लागि बनेको **फेदीखोला गाउँपालिकाको विनियोजन विधेयक, २०८२** सभा समक्ष गाउँपालिका उपाध्यक्षले प्रस्तुत गरिसकेपछि सभाको कार्यबोझ अनुसार सभाका सदस्यहरुलाई छलफलमा भाग लिन समय प्रदान गरिएको समयावधिमा गाउँसभा सदस्यहरुले कुनै जिज्ञासा नराखेकोले गाउँपालिका उपाध्यक्षज्यूबाट सभासमक्ष पेश भएको बजेट व्यक्तव्य सहितको **फेदीखोला गाउँपालिकाको विनियोजन विधेयक, २०८२** सभाबाट अनुमोदनका लागि सभामा निर्णयार्थ प्रस्तुत गरिँदा गाउँपालिका उपाध्यक्षज्यूबाट सभासमक्ष पेश भएको वजेट व्यक्तव्य सहितको **फेदीखोला गाउँपालिकाको विनियोजन विधेयक, २०८२** सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

**४).** फेदीखोला गाउँपालिकाका गौरवका योजनाहरु मध्ये खड्केटारी-भाटखोला-बाँगे-पञ्चासे मोटरबाटो निर्माण कार्य पनि एक हो। आजका मिति सम्म सवै वडा कार्यालयमा बाह्रै महिना सवै प्रकारका सवारी साधन चल्न सक्ने गरी स्तरोन्नती गर्दै पिच बाटो पुगिसकेको छ। खड्केटारी-भाटखोला-बाँगे-पञ्चासे मोटर बाटोले गाउँपालिकाको वडा नं. ३ र ५ को सवै बस्तिका बासिन्दालाई सेवा दिने अवस्था छ। यसै बाटोमा वडा नं. ३ र वडा नं. ५ को वडा कार्यालय समेत पर्दछ। वडा नं. ३ को वडा कार्यालय हुँदै वडा नं. ५ को सिरानचौर बस्ति र त्यस अगाडि आँधिखोला गाउँपालिकाको वडा नं. ४ वाडसिङ पर्दछ। यस बाटोले अन्तर स्थानीय तहका साथै अन्तर जिल्ला (पर्वत)लाई जोड्ने भएकोले सामाजिक र आर्थिक दृष्टिकोणले महत्व राख्ने यस योजनालाई छिट्टै नै सम्पन्न गर्न गाउँपालिकाको वार्षिक बजेटको अधिक अंश खर्च गर्नुको विकल्प नहुँदा चालु वर्ष गाउँपालिकावाट रु. १ करोड विनियोजन भएको यस बाटोको निर्माण सुधार र स्तरोन्नती गर्ने क्रममा श्रदेय गाउँपालिका अध्यक्षज्यूको विशेष निर्देशन र मार्गदर्शनमा गाउँ कार्यपालिकाको कार्यालयबाट खटिई गएका प्राविधिक कर्मचारीहरु तथा सम्बन्धित वडाका जनप्रतिनिधिका साथै स्थानीय लाभग्राही जनताहरुको सहयोग, समन्वय र सहजीकरणमा स्थलगत अवलोकन भ्रमण तथा निरीक्षणका आधारमा रु. १२,८५,२१,७३२/०३ (बाह्र करोड पचासी लाख एक्काइस हजार सात सय बत्तीस रुपैंया तीन पैसा)को प्राविधिक प्रतिवेदन (लागत अनुमान) तयार गरिएको थियो। सो प्राविधिक प्रतिवेदन मिति २०८१ पौष २८ गते बसेको गाउँ कार्यपालिका बैठकवाट अनुमोदन गरि सोही प्राविधिक लागत अनुमान रु. १२,८५,२१,७३२/०३ (बाह्र करोड पचासी लाख एक्काइस हजार सात सय बत्तीस रुपैंया तीन पैसा) स्वीकृत गर्ने निर्णय गर्दै सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण गर्ने गरी ठेक्का प्रक्रिया तत्कालै गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरिएको स्मरण गर्दछु । मिति २०८१ पौष २८ गते बसेको गाउँ कार्यपालिका बैठकवाट स्वीकृत खड्केटारी-भाटखोला-बाँगे-

घनश्याम सुवेदी
अध्यक्ष

Scanned with CamScanner

पञ्चासे मोटरबाटो (गाउँले पँधेरा देखि सिरानचौर खण्ड) निर्माण योजनालाई आगामी आ.व. २०८२/०८३ तथा आ.व. २०८३/०८४ भित्रै सम्पन्न गर्ने गरी बहुवर्षीय योजनामा समावेश गर्ने गराउने विषय गाउँ कार्यपालिकाको बैठकबाट भएको निर्णय सहित आजको सभामा अवगत गराउँदा सर्वसम्मतिले खड्केटारी-भाटखोला-बाँगे-पञ्चासे मोटरबाटो (गाउँले पँधेरा देखि सिरानचौर खण्ड) निर्माण योजना आगामी आ. व. २०८३/०८४ को सम्ममा निर्माण सम्पन्न गर्ने गरी आगामी आ.व. २०८२/०८३ र आ.व. २०८३/०८४ को बार्षिक बजेटमा पनि समावेश गर्ने गरी स्रोत सुनिश्चिता गर्दै बहुवर्षिय योजनाका रुपमा स्वीकार गरी क्रमागत योजनाको सूचिमा सूचिकृत गर्ने गराउने निर्णय गरिएको घोषणा गर्दछु ।

Scanned with CamScanner

आजको गाउँसभाबाट भएका घोषणाहरु तथा गरिएका निर्णयहरु

५). चालु आ.व. २०८१/०८२ मा न्यायिक समितिबाट सम्पादन भएका कार्यहरूको वार्षिक प्रतिवेदन एवम् आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि न्यायिक समितिको सचिवालयले सूचिकृत गरेका मेलमिलापकर्ताहरूको सूचि सभाध्यक्षको अनुमतिले यस सभासमक्ष गाउँपालिका उपाध्यक्ष तथा न्यायिक समितिका संयोजकले पेश गर्नुभएकोले न्यायिक समितिबाट चालु आ.व. २०८१/०८२ को वार्षिक कार्यसम्पादन प्रगति तथा आगामी आ.व. २०८२/०८३ का मिति २०८२/०३/०९ गते सूचिकृत गरेका मेलमिलापकर्ताहरुको विवरण सभाका सदस्यहरुलाई अवगत भएको हुँदा अनुमोदन गरिएको घोषणा गर्दछु।

घनश्याम सुवेदी
अध्यक्ष

Scanned with CamScanner

**आजको गाउँसभाबाट भएका घोषणाहरु तथा गरिएका निर्णयहरु**

फेदीखोला गाउँपालिकाको लेखा समितिको मिति २०८२/०३/०९ गतेको बैठकमा गत आ.व. २०७९/०८० र २०८०/०८१ को आम्दानी र खर्चको विषयमा विश्लेषणात्मक छलफल गर्दै चालु आ.व. २०८१/०८२ को मिति २०८२ आषाढ ८ गते सम्मको आम्दानी र खर्चको विषयमा समेत तुलनात्मक रुपमा छलफल र समिक्षा गरी आम्दानी भएको हिसाबमा खर्च रकम ७८.९२ प्रतिशत भएको एवम् हालसम्म पुंजिगत तर्फको खर्च प्रगति ३३.६१ प्रतिशत मात्र भएकोले आर्थिक वर्षको अन्त्यमा बढी खर्च गर्ने परिपाटीलाई न्यून गर्न गाउँ कार्यपालिका तथा सम्बन्धित विषयगत समितिहरुलाई ध्यानाकर्षण गराउने गरी निर्णय भएको व्यहोराका साथै चालु आ.व. २०८१/०८२ को लागि आन्तरिक राजस्व संकलनको स्रोतको अनुमान रु ४ करोड ३६ लाख ६३ हजार रहेकोमा चालु आ.व.को असार ८ गते सम्म आन्तरिक राजस्व जम्मा जम्मी रु. ६७ लाख ५० हजार १२५ मात्र संकलन भएको छ, जुन अपेक्षित आन्तरिक राजस्वको १५.४६ प्रतिशत मात्र हुन आउँदछ। यसरी आन्तरिक स्रोतको प्रक्षेपण र वार्षिक बजेटलाई तुलना गर्दा आन्तरिक राजस्व प्रक्षेपण अधिक महत्वाकांक्षी रहेको देखिन्छ। यस सन्दर्भमा आगामी आ.व. २०८२/०८३ को बजेट निर्माण गर्दा आन्तरीक राजस्व संकलनको क्षमतालाई मध्यनजर गरी सन्तुलित बजेट निर्माण गर्नुपर्ने विषयमा भएको निर्णय संक्षेपीकरण सहितको फेदीखोला गाउँपालिकाको लेखा समितिको प्रतिवेदन अनुमोदनका लागि सभाध्यक्षको अनुमतिले गाउँपालिकाको लेखा समितिका संयोजकज्यूले यस सभासमक्ष निर्णयार्थ पेश गर्नुहुँदा आजको गाउँसभाबाट सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

७). चालु आ. व. २०८१/०८२ को विभिन्न मितिमा बसेका गाउँ कार्यपालिकाको बैठकबाट भएका सबै नीतिगत तथा प्रशासनिक निर्णयहरु तथा फेदीखोला गाउँपालिकाको चालु आ. व. २०८१/०८२ वार्षिक स्वीकृत नीति तथा कार्यक्रम एवम् बजेट कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालय र अन्तरगतका शाखा उपशाखाहरु तथा

घनश्याम सुवेदी
अध्यक्ष

निकायहरूबाट भएका सबै प्रकृतिका कार्यसम्पादनका गतिविधिहरू र प्रशासकीय निर्णयहरू अनुमोदनको लागि मिति २०८२/०३/०९ गते बसेको गाउँ कार्यपालिकाको बैठकबाट निर्णय भई अनुमोदनको लागि यस सभासमक्ष पेश हुन आएकोले उक्त निर्णयलाई आजको सभाबाट सर्वसम्मत रूपमा अनुमोदन भएको निर्णय गरिन्छ ।

८) सुशासन समितिको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन समितिका संयोजक श्री तुलसी सुवेदीज्यूद्वारा गाउँसभासमक्ष प्रस्तुत गरियो । प्रस्तुत प्रतिवेदनमाथि गाउँसभा सदस्यहरूबीच आवश्यक छलफल सम्पन्न भएपछि सभाध्यक्षबाट निर्णयार्थ पेश गरियो । निर्णयार्थ प्रस्तुत सुशासन समितिको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन गाउँसभाबाट सर्वसम्मत रूपमा अनुमोदन भएको निर्णय गरिन्छ ।

९) विधायन समितिको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन समितिका संयोजक श्री शिव प्रसाद लामिछानेज्यूद्वारा गाउँसभासमक्ष प्रस्तुत गरियो । प्रस्तुत प्रतिवेदनमाथि गाउँसभा सदस्यहरूबीच आवश्यक छलफल सम्पन्न भएपछि सभाध्यक्षबाट निर्णयार्थ पेश गरियो । निर्णयार्थ प्रस्तुत विधायन समितिको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन गाउँसभाबाट सर्वसम्मत रूपमा अनुमोदन भएको निर्णय गरिन्छ ।

घनश्याम सुवेदी
अध्यक्ष

Scanned with CamScanner